नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्या:०७७/७८

चलानी नं.:

मितिः२०७८/०३/०८

**सेवा प्रवाह सम्बन्धी सूचना**

कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट मिति २०७८/०१/१६ गतेबाट स्थगित गरिएका नियमित सेवाहरु नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका मापदण्डहरु अपनाई सामाजिक भौतिक दूरी कायम गर्दै देहाय बमोजिमको सेवा प्रवाहको ढाँचा (service flow structure) मा मिति २०७८/०३/०८ गते मगलबार देखि लागु हुने गरी निम्नानुसार हुने व्यवस्था मिलाइएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

१. नागरिकता प्रमाणपत्र, नागरिकता प्रतिलिपि, नाबालिग परिचयपत्र, राहदानी, हातहतियार दर्ता नवीकरण, संघ संस्था दर्ता/नवीकरण आदि सेवाहरु निम्नानुसार हुने :

| क्र.शं. | बार | नगरपालिका | सेवाको विवरण |
|---|---|---|---|
| १. | आईतबार | भक्तपुर | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक |
| २. | सोमबार | चाँगुनारायण | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक, |
| ३. | मंगलबार | - | संस्था दर्ता, नविकरण , बजार अनुगमन आदि |
| ४. | बुधबार | सूर्यविनायक | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक |
| ५. | बिहीबार | मध्यपुर थिमी | नागरिकता, प्रतिलिपि, राहदानी, नाबालक |
| ६. | शुक्रबार | - | संस्था दर्ता, नविकरण, बजार अनुगमन आदि |

२. शान्ति सुरक्षाको निवेदन र कानून बमोजिम हुने मुद्दा सम्बन्धी तथा अन्य आकस्मिक कार्यहरू: सबै कार्य दिन।

- तोकिएका दिन (बार) मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ।
- नागरिकता र नाबालक परिचयपत्र बनाउने हकमा सेवाग्राही र सनाखत गर्ने थप १ जना मात्र कार्यालय परिसरमा प्रवेश गर्न सकिनेछ।
- कार्यालयको भीडभाड र कोभिड-१९ संक्रमणको अवस्थाअनुसार उल्लेखित तालिकामा आवश्यकताअनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ।
- सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नको लागि तोकिएका कागज/प्रमाण साथमा लिई आउनु पर्नेछ। कागज/प्रमाण नपुगेमा सेवा दिन सकिने छैन। आवश्यक पर्ने कागजातको विवरण यस कार्यालयको वेवसाइट daobhaktapur.moha.gov.np को नागरिक सेवा वडापत्र खण्डमा हेर्न सकिने छ।
- सेवा लिन आउने सेवाग्राहीहरूले अनिवार्य रुपमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ।
- सेवाग्राहीले सेवा लिन आउँदा मास्क अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ, कार्यालय परिसरमा रहेको सेनिटाईजर प्रयोग गर्ने वा साबुन पानीले अनिवार्य रुपमा हात धोएर मात्र सेवा लिनको लागि भौतिक दूरी कायम गर्दै आफ्नो पालो पर्खिनु पर्नेछ।
- मास्क नलगाई कार्यालय परिसर भित्र प्रवेश गरेको पाइएमा साथै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड पालना नगरेमा कोभिड-१९ संकठ व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारबाही गरिनेछ।

२०७८/३/८

(मुकेश कुमार केशरी)

सहायक प्रमुख जिल्ला अधिकारी